आजमिति २०७८ साल कार्तिक महिनाको १२ गतेका दिन बिहान ८ बजे यस बारेकोट गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाह ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्ना अनुसारका निर्णयहरु गरियो ।

**उपस्थिति :**

| क्र.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २. | श्री ओमा शाही | उपाध्यक्ष | |
| ३. | अजविर सिँह | सदस्य गाउँ कार्यपालिका | |
| ४. | लालभक्तसिँह | सदस्य गाउँ कार्यपालिका | |
| ५. | मनबहादुर शाही | सदस्य गाउँ कार्यपालिका | |
| ६. | सिर्जना बस्नेत | सदस्य गाउँ कार्यपालिका | |
| ७. | कर्णे कामी | सदस्य गाउँ कार्यपालिका | |
| ८. | बसन्त शाही | सदस्य गाउँ कार्यपालिका | |
| ९. | शशीराम गौतम | सदस्य गाउँ कार्यपालिका | |
| १०. | द्धारिका प्रसाद बुढा | सदस्य गाउँ कार्यपालिका | |
| ११. | तिले महतारा | सदस्य गाउँ कार्यपालिका | |
| १२. | धनविर कामी | सदस्य गाउँ कार्यपालिका | |
| १३. | ऐन बहादुर परियार | सदस्य गाउँ कार्यपालिका | |
| १४. | ममिता पुन(घर्ती) | सदस्य गाउँ कार्यपालिका | |
| १५. | शिला सार्की | सदस्यगाउँकार्यपालिका | |
| १६. | सुन्दरी सार्की | सदस्य गाउँ कार्यपालिका | |
| १७. | देउमा बुढा | सदस्य गाउँ कार्यपालिका | |
| १८. | गोबिन्द बहादुर सिंह | सदस्य सचिव गा. का. पा. | |

**आमान्त्रीतहरु**

१- राज बहादुर सिंह — लेखा अधिकृत
२ खगेन्द्र बहादुर बोहरा — रोजगार संयोजक
२. अम्र बहादुर सिंह — कार्यक्रम अधिकृत

## प्रस्ताव तथा निर्णयहरु :

१) क्षेती घरधुरीहरुको पुन निर्माण गर्न माग सम्बन्धमा ।

२) राहत माग गर्ने सम्बन्धमा ।

३) वडा बिभाज तथा केन्द्र तोक्ने सम्बन्धमा ।

४) बालविकास तथा विद्यालय कर्मचारीको तलव भत्ता थप सम्बन्धमा ।

५ विविध ।

### निर्णय नं. १

प्रस्ताव नं.१ यस बारेकोट गाउँपालिका भित्रमा बर्षातका कारण यस आ.व.मा क्षेती भई कार्यालयमा प्राप्त भएका निबेदन तथा मुचुल्काका आधारमा घरधुरीहरुलाई पुन निर्माण गर्नका लागि जिल्ला प्रशासन कार्यालय जाजरकोट मार्फत क्षेती भएका घरधुरीहरुको निर्माण गर्नका लागि तथ्याँक संकलन गरी पुन निर्माण प्राविधिकरणलाई अनुरोध गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

यस बारेकोट गाउँपालिका भित्रमा वडा नं. १ देखि ९ सम्मामा बर्षातका कारण बाढी पहिरो गई हावाहुरी र हसिना पानीले मकै बाली गहु बाली नस्ट गरी ठुलोमात्रामा क्षेती भइ भोकमारी समेत पर्ने सम्भावना देखिएकाले प्रदेश सरकार संघीय सरकार तथा बिभिन्न संघ संस्थामा सहयोगका लागि अनुरोध गर्ने निर्णय निर्णय गरियो ।

### निर्णय नं.३

स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद २ दफा ५ अनुसार वडाको संख्या सिमाना र केन्द्र निर्धारण गर्ने सम्बन्धमा यस बारेकोट गाउँपालिकाको तपशिल बमोजिमको वडा जनसंख्या तथा भौगोलिक अवस्थालाई अध्यायण गर्दा वडा बिभाजन गर्नु पर्ने देखिएकाले वडा बिभाज गरी केन्द्र तोक्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | हालको वडा नं. | केन्द्र | कैफियत |
|---|---|---|---|
| १ | १ | रामीडाँडा | हालको केन्द्र |
| २ | १ | गोठानाचौर गारापानी | नयाँ कायमहुनु पर्ने केन्द्र |
| ३ | ३ | कट्टर | हालको केन्द्र |
| ४ | ३ | स्यालाखारा | नयाँ कायमहुनु पर्ने केन्द्र |

### निर्णय नं.४

बिद्यालयहरुमा कार्यरत बालविकासका शिक्षक विद्यालय कर्मचारी र कार्यालय सहयोगीहरुलाई पारिश्रमिक थपका विषयमा आर्थिक बर्ष २०७८/०७९ को बजेट भाषनमा संघीय सरकारका माननीय अर्थमन्त्री ज्यूले स्थानीय सरकारले नै थप भएको तलव भत्ता व्यहोर्नु पर्ने भनी बजेट भाषनमा आएकाले सो थप भएको तलव भत्ताका सम्बन्धमा आवश्यक श्रोतको व्यवस्था गरी आगामी कार्यापालिकाको वैठकबाट निर्णय गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकिय अधिकृत

बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश, नेपाल

२०७८/०७/१२

**निर्णय नं. ५**
यस चालु आर्थिक बर्ष २०७८/०७९ को बिनियोजन गरिएको रकम मध्ये वडा नं. २ को तपशिल बमोजिको योजनाको रकमलाई रकमान्नतर गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | शर्षिक | रकम रु | रकमान्तर गरिएको योजना | रकम |
|---|---|---|---|---|
| | वडा कार्यालय घेराबार | १००००००। | लिम्सा मन्डली चर्चघर निर्माण | ३०००००। |
| | | | लिम्सा रेडक्रस सोसाइटी खानेपानी निर्माण | २०००००। |
| | | | वडा कार्यालय भवन निर्माण | ५०००००। |

**निर्णय नं. ६**
यस बारेकोट गाउँपालिका वडा नं. २ मा रहेको बिरेन्द्र ऐश्वर्य प्राथमिक बिद्यालय बर्षादका कारण भवन भत्कीएर क्षेती भएकाले सो भवन निर्माण गर्नका लागि संघीय सरका प्रदेश सरकार र अन्य संघ संस्थामा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**
बारेकोट गाउँपालिका वडा नं. ३ मा संचालनमा रहेको गाग्राखोला लघु जल बिद्युत आयोजनाको कुलो भत्केर बिद्युत सेवा अवरोध भएकाले सो बिद्युतको कुलो मर्मत गर्नु पर्ने भएकाले उर्जा तथा जलश्रोत मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**
यस बारेकोट गाउँपालिकामा रहेको तपशिल बमोजिमका वडाहरुमा खानेपानी अति अवश्यक भई दैनिक खानेपानीमा समेत समस्य भएकाले १ घर १ धारा निर्माण गर्न आवश्यक रकमको व्यवस्था गरी दिनुहुन संघीय सरकार प्रदेश सरकारमा माग गर्ने निणय गरियो ।

तपशिल

क) वडा नं. ३ को बुढागाउँ बस्ती

ख) वडा नं. ८ को छुतीपाल्ती, बन्डाला,रुहिनेपानी जुगेना र गोल्खारा बस्ती

**निर्णय नं. ९**
संघीय सरकारबाट प्राप्त भएको शर्सत कार्यक्रम अर्न्तगत बाखाको साना विकास पकेट कार्यक्रम वडा नं. ४ मा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**
वडा नं. १ मा रहेको गाउँघर क्लिनिकमा अहेव र वडा नं. २ मा रहेको भेटनरी जेटिए पद रिक्त रहेकाले सो पदहरुमा कर्मचारी नियुक्ती गर्दा सम्बन्धित वडा अध्यक्षको सिफारिसको आधारमा नियुक्ती गर्ने र यदि कुनै वडामा बिबाद आएको भएमा दुबै पक्ष बीच छलफल गरी बिबाद समाधान गरेका जानकारी गाउँपालिकालाई पठाउने निर्णय गरियो ।

२०७८/०७/१२

निर्णय नं. ११

कृषि बिकास उपशाखा बारेकोटले यस आ.व.मा संघीय सरकारबाट भएको सर्शत कार्यक्रम र पालिकाले विनियोजन गरेको पकेट विकास कार्यक्रमहरु तपशिल बमोजिमका वडाहरुमा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | कार्यक्रमको नाम | संचालन गर्ने वडा | कैफियत |
|---|---|---|---|
| १ | सुन्तला पकेट कार्यक्रम | ८ र ९ | पालिकाबाट विनियोजन |
| २ | स्याउ/ओखर पकेट कार्यक्रम | ६ र ७ | पि.एम. कार्यक्रम |
| ३ | गँहुको बीउ वितरण प्रति वडा ५ कुइन्टोल | १ देखि ९ | समुहलाई निशुल्क वितरण |

निर्णय नं. १२

गाउँपालिका स्वस्थ्य व्यवस्थापन समितिको गठन गर्ने कानूनी व्यवस्था भए बमोजिम तपशिल बमोजिमको व्यवस्थापन समिति गठन गरियो र प्राथमिक स्वास्थ्य केन्द्र लिम्समा कार्यरत सम्पुर्ण कर्मचारी बीच बैठक बसी संस्था सुधारका लागि आवश्यक योजना निर्माण गरी विगत बर्ष देखि हाल सम्ममा भए गरेका भौतिक तथा आर्थिक प्रगतीका बिषयमा समिक्षा गर्न लगाउने निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| **श्री महेन्द बहादुर शाह** | **संरक्षक** |
| १) श्री ओमा शाही | अध्यक्ष |
| २) श्री बसन्त शाही | सदस्य |
| ३) श्री द्वारिका प्रसाद बुढा | सदस्य |
| ४) श्री सृजना बस्नेत | सदस्य |
| ५) श्री शशिराम गौतम | सदस्य |
| ६) विष्णुराज ज्योती | सदस्य |
| ७) श्री गोबिन्द बहादुर सिंह | सदस्य |
| ८) श्री प्रेम बहादुर गिरी | सदस्य |
| ९) श्री बीरराज सिंह | सदस्य सचिब |

निर्णय नं. १३

यस पालिका भित्र रहेका परमपरागतरुपमा मौलो पुजा गर्ने प्रचलन अनुसार तपशिल बमोजिमका वडाहरु, प्रहरी चौकीहरु र सुरक्षा निकायहरुको हतियार तथा झान्डा पुजा गर्नका लागि राँगा तथा बोका खरिदका लागि रकम भुक्तानी गर्ने निर्णय गरियो ।

तपशिल

**क) मौलो**

१) वडा नं. ४ गोठगाउँमा रु २००००।
२) वडा नं. ५ नायकवाडा रु २००००।
३) वडा नं. ५ सिलिंगीचौर रु २००००।
४) वडा नं. ७ सुवाकोट रु २००००।
५) वडा नं. ८ बन्डाडाला रु २००००।

**ख) प्रहरी चौकी**

१) इलाका प्रहरी चौकी रामीडाँडा रु १००००।

२०७८/०७/१२

१) इलाका प्रहरी चौकी रामीडाँडा रु १००००।
२) इलाका प्रहरी चौकी सिलिंगीचौर रु १००००।
३) प्रहरी चौकी सेपुखोला रु १००००।
४) प्रहरी चौकी लिम्सा रु १००००।
५) जिल्ला प्रहरी कार्यालय जाजरकोट रु २००००।
६) सशत्र प्रहरी बल जाजरकोट रु २००००।
७) जिल्ला कारागार जाजरकोट १५०००।

**निर्णय नं. १४**

जिल्ला प्रशासन कार्यालय जाजरकोटले निर्माण गरेको पाहुन घरको लागि सबै स्थानीय तहमा रकम माग भएकोमा यस पालिकाबाट शुसान तथा अन्तर सम्बन्ध समिति अर्न्तगत रहेको शान्ती तथा सुव्यवस्था शिर्षकबाट खर्च हुने गरी रकम रु २८१०००। भुत्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

बिपद व्यवस्थापन समिति जाजरकोटको मिति २०७८/२/१९ गते सबेको बैठकको निर्णय नं. ९ अनुसार चन्दननाथ गन मालिका व्यारेक जाजरकोटलाई सडक निर्माण बापत रु ३१९०००। यस पालिकाबाट शुसान तथा अन्तर सम्बन्ध समिति अर्न्तगत रहेको शान्ती तथा सुव्यवस्था शिर्षकबाट खर्च हुने गरी र भुत्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

यस गाउँपालिकाको लिम्सामा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ सैयाको अस्पतालमा स्तरोन्नती गर्नका लागि संघीय सरकारबाट भवन निर्माण गर्न रकम विनियोजन भएको थियो । सो भवन निर्माण गर्न ठेक्का भई निर्माण कर्ता पनि छनौट भई काम संचालन गर्ने प्रक्रियामा रहेकोले उक्त भवन निर्माण गर्नका लागि आवश्यक पर्ने जग्गा प्रयाप्त मात्रामा रहेको र हाल प्राथमिक स्वास्थ्य केन्द्र संचालन रहेको जग्गा, भवन हरु पनि १५ सैया अस्पतालले नै प्रयोग गर्ने भएकाले उक्त भवन निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गर्न संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

बारेकोट गाउँपालिका भित्रमा रहेको वडाहरुमा कुनै कारनबस आत्महत्य गरी मृत्यु, बीस सेवन गरेर मृत्यु र अन्य कारणले मृत्यु भएका लासको पोष्टमाटम गर्नु पर्ने अवस्था देखिएमा वा पोष्टमाटम गर्नु पर्ने भएमा पोष्टमाटम गर्ने चिकित्सक लाई प्रति लास पोष्टमाट गरेबापत रु २०००। अक्षरुपी दुई हजार दिने निर्णय गरियो ।

निर्णय नं. १८

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद २ को दफा ५ अनुसार वडाको संख्या, सिमाना र केन्द्र हेरफेर गर्नका लागि दफा ५ को उपदफा ३ मा व्यवस्था भए अनुसार वडा विभाजनका लागि भौगोलिक विकता जनसंख्यालाई ध्यानमा राखी वडा विभाजन गर्न सकिने भएकाले यस बारेकोट गाउँपालिका वडा नं. १ र ३ को वडा विभाजन गर्दा थप २ वडा हुने भएकाले २ वडा थप हुँदा आवश्यक पर्ने प्रशासनिक खर्च पालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं १९

बारेकोट गाउँपालिका भित्र रहेका नागरिकहरुलाई सेवां प्रवह गर्न र तोकिएका कार्यहरु छिटो छरितो कार्यसम्पादन गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतले अध्यक्षसंग र अन्य शाखाका प्रमुखहरुले प्रमुख प्रशासकीय अधिकृतसंग कार्यसम्पादन सम्झौता गी कार्यन्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं २०

यस बारेकोट गाउँपालिका अन्तरगत सिलिंगे हुदै दहसम्मको सडक योजनाको DPR अनुसारको कुल लागत रु १०१२७७०७२. ६४ र सिलिंगे हुदै करुका सम्मको सडक योजनाको DPR अनुसार कुल लागत रु ८०११९६१६.०१ रकम स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं २१

यस बारेकोट गाउँपालिकाको लागि आवश्यक पर्ने तपशिल बमोजिमका ऐन तथा कार्यविधीहरु अनुमोदन गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

तपिशल

१. गाउँ कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि २०७८
२. गाउँपालिकाको खानेपानी, सरसफाइ एवं स्वच्छता ऐन, २०७८
३. गाउँपालिकाको संचित कोष आन्तरिक परिक्षण सम्वन्धी कार्यविधि २०७८
४. बारेकोट गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता २०७८
५. बारेकोट गाउँपालिकाको कर्मचारीको आचार संहिता २०७८
६. बारेकोट गाउँपालिकाको गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७७
७. बारेकोट गाउँपालिकाको गाउँ कार्यपालिका कार्यसम्पादन नियमावली २०७८
८. बारेकोट गाउँपालिकाको विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि २०७८
९. बारेकोट गाउँपालिकाको सामाजिक समावेशिकरण नीति २०७८
१०. बारेकोट गाउँपालिकाको सामाजिक समावेशिकरण नीति २०७९
११. बारेकोट गाउँपालिकाको सार्वजनिक निजी साझेदारी नीति २०७८
१२. सामुदायीक स्वास्थ्य इकाइ सेवा व्यवस्थापन कार्यबिधि २०७८
१३. सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन कार्यविधि २०७८

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं २२

सार्वजनिक खरिद नियमावली २०६४ नियम १४८ बमोजिम जिल्ला दररेड निर्धारण समिति जाजरकोटले आर्थिक वर्ष २०७८।०७९ को लागि श्रमिकहरुको ज्याला र निर्माण मेशिनहरुको भाडादर पशु तथा कृषिजन्य बस्तुहरुको मूल्य सामाग्रीहरुको मूल्य दर र निर्माण सामाग्रीहरुको ढुवानि दरहरु यस कार्यालयले सबै कार्यन्वयन गर्ने गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत